जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक ६९ | २०८० साल असोज २२ गते सोमबार (9 Oct. 2023 Monday) | मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : शान्ति तथा सद्भावका... ३ पृष्ठमा : इजरायलमा रहेका नेपालीको... ३ पृष्ठमा : इजरायल-गाजा आक्रमणमा ...

## शारीरिक रुपमा असक्तता कै कारण राजिनामा गर्न दिएको दबाबले शिक्षक थप पीडामा

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

शारिरीक रुपमा अशक्त एक शिक्षकले पालिकाको तर्फबाट राजिनामा गर्न दिएको दबाबका कारण आफूलाई थप पीडा भएको गुनासो गरेका छन् ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ८ स्थित राष्ट्रिय प्राथमिक विद्यालय पट्टी प्रवाहाका ५८ वर्षिय शिक्षक रामबिलास पण्डितले यस्तो गुनासो पोखेका हुन् । उनी उक्त विद्यालयका स्थायी शिक्षक हुन् ।

शारीरिक असक्तताका कारण उनी ह्वील चेयरको प्रयोग गरि शिक्षण पेशालाई निरन्तरता दिँदै आएका छन् । सेवानिवृत हुन डेढ वर्ष मात्र बाँकी रहँदा राजिनामा गर्न नगरपालिकाले दबाब बढाउँदै लगेपछि उनी थप पीडामा परेका छन् ।

उनले भने 'मलाई ढाड र खुट्टामा चोट लागेकोले तीन बर्षदेखि उपचाररत छु, खुट्टाले अपाङ्ग भएपनि घरबाटै ह्वील चेयर प्रयोग गरि विद्यालय गई दैनिक पठनपाठनको काम गर्दै आएको छु तर विद्यालयका प्रअ सत्यनारायण पासवानले पनि सहयोग गर्नुको सट्टा नगरप्रमुख र विद्यालय निरिक्षकसँग मिलेर मलाई जागिरबाट जसरी पनि हटाउने रणनीतिमा लागेर थप पीडा दिएको छ ।'

नगरपालिकाले आफूमाथी पूर्वाग्रह राखेर हाजिरीसँगै तलबमा समेत रोक लगाएको उनको कथन छ । २०७९ कात्तिकदेखी रोकिएको तलब शिक्षक महासंघको पहलमा २०८० बैशाखसम्मको भुक्तानी गरिएपनि त्यसपछि तलब र हाजिरी गर्न दुबै रोकिएको उनले बताए ।



शारिरीक रुपमा अशक्त ५८ वर्षिय शिक्षक रामबिलास पण्डित ।
*तस्बिर : राजविराज दैनिक*

नेपाल सरकारले अपाङ्गमैत्री विद्यालय बनाउन भनेपनि यहाँ अपाङ्ग भएकै कारण पुर्वाग्रही भएर जागिर नै खोस्न लागेको उनले पीडा पोखे ।

यता डाक्नेश्वरी नगरपालिकाले २०८० भदौ २७ गते शिक्षक पण्डितको नाउँमा तलव भत्ता रोक्का र हाजिरी रोक्का राख्न विद्यालयलाई पत्राचार गरेको छ । 'डाक्नेश्वरी नगरपालिका शिक्षा समितिको २०८० बैशाख १२ गतेको निर्णय अनुसार राष्ट्रिय प्राथमिक विद्यालय पट्टी प्रवाहामा कार्यरत शिक्षक रामविलास पण्डित पूर्णरुपमा अपाङ्ग भएको तथा कक्षाकोठामा शिक्षण सिकाई कार्य गर्न नसकिने अवस्थामा रहेको साथै हिडडूल तथा उठ्न बस्न तथा शिक्षण सिकाईसँग सम्बन्धित कुनै किसिमको क्रियाकलाप गर्न नसकिने अवस्थामा रहेकोले निज शिक्षकलाई यस नगरपालिकाबाट पाउने सेवा सुविधा उपलब्ध नगराउने तथा विद्यालयको कामकाजमा नलगाउने निर्णय भएको र उक्त निर्णयको मिति २०८० बैशाख १५ मा नगरकार्यपालिका बैठकबाट समेत अनुमोदन भएको हुनाले शिक्षा समितिको निर्णय बमोजिम कार्यान्वयन गर्न आदेशानुसार अनुरोध छ' पत्रमा भनिएको छ ।

नेपाल शिक्षक संघ मधेश प्रदेशका अध्यक्ष परशुराम यादवले स्थायी शिक्षकलाई जवर्जस्ती राजीनामा गराउने अधिकार नगरपालिकासँग नरहेको प्रतिक्रिया दिए । उनले भने 'अपाङ्ग भएकै कारण सेवाबाट हटाउन पाउँदैन, विशेष प्रकृतीका शिक्षकलाई अपाङ्गमैत्री विद्यालय बनाएर सुविधा दिनुपर्नेमा यहाँ त उल्टै क्षेत्राधिकार बाहिर गएको देखियो ।'

विद्यालय निरीक्षक कृष्णप्रसाद यादवले हामीले राजीनामा गर्न दवाव नदिएको तर, शिक्षा समिति र कार्यपालिकाको निर्णय अनुसार हाजिरी र तलव रोकेको बताए । उनले भने 'स्थायी शिक्षकको राजिनामा लिने अधिकार पालिकासँग छैन्, हामीले दवाव पनि दिएको छैन ।'

विद्यालयका प्रअ सत्यनारायण यादवले आफूले राजिनामा गर्न नभनेको तर पालिकाबाट आएको पत्रानुसार हाजिरी र तलव रोकिएको प्रतिक्रिया दिए ।

डाक्नेश्वरी नगरपालिकाका प्रमुख रामलखन मलाहले शिक्षक पण्डित पूर्ण अपाङ्ग रहेको र पढाउन सक्ने अवस्थामा नरहेकोले उनको हाजिरीसँगै तलव भत्ता रोकिएको जानकारी दिए ।

उनले कुनै गलत भावनाबाट यस्तो नगरेको बताउँदै अध्ययन अध्यापन नै गर्न नसकिने अवस्थामा रहेको शिक्षक पण्डितका कारण विद्यालय ठप्प हुँदै आएकोले नैतिकताको आधारमा राजीनामा दिएर मार्ग प्रसस्त गर्नुपर्ने बताए ।

## मधेस प्रदेशका पूर्वअर्थमन्त्रीसहित ७ जना बिरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**



मधेस प्रदेशका पूर्वअर्थमन्त्री विजयकुमार यादवसहित ७ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानको सर्प पाल्ने कार्यक्रममा भ्रष्टाचार गरेको आरोपमा पूर्वअर्थमन्त्री यादव, लालबन्दी नगरपालिकाका प्रमुख मानबहादर खड्का, मधेश प्रदेशको तत्कालीन आर्थिक मामिला सचिव प्रेमकुमार श्रेष्ठ, तत्कालीन झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान, हालको राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठानका अध्यक्ष रेवतीप्रसाद पन्त, महासचिव नवराज भण्डारी, कोषाध्यक्ष निरज भण्डारी र सदस्य देवेन्द्र रायविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको हो ।

सर्लाहीको लालबन्दी रहेको प्रतिष्ठानसँग मिलेर सर्पको विष संकलन, प्रशोधन र उत्पादन केन्द्र स्थापनाका लागि प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्यमा संघीय सरकारबाट समपुरक अनुदानका रुपमा प्राप्त रकमसहित बजेट विनियोजन गरिएको थियो ।

तर आर्थिक मामिलामन्त्री यादव र लालबन्दी नगरपालिकाका प्रमुख मानबहादर खड्काले आफूलाई नभएको अधिकार प्रयोय गरी कानुन विपरित झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग साझेदारी गरेको र बदनीयतपूर्वक १७ करोड ९८ लाख ३३ हजार निकासा गरेको अख्तियारलको ठहर छ ।

विशेष अदालत, काठमाडौंमा आइतबार दायर मुद्दामा उनीहरुबाट १७ करोड ९८ लाख ३३ हजार असुल उपर गर्न र भ्रष्टाचार निवारण ऐनअनुसार कैद र जरिजानाको माग समेत गरिएको छ । यादव तत्कालीन मन्त्री भएकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ अनुसार थप कैद सजाय समेत मागदाबी गरिएको छ ।

## बिग मार्टमा आगलागी हुँदा करोडौंको क्षति

**दैनिक समाचारदाता**
**धनुषा, २१ असोज ।**

जनकपुरस्थित बिग एक मार्टमा शनिबारराति आगलागी हुँदा करोडौंको क्षति भएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जनकपुर उपमहानगरपालिका-९ रामानन्द चोकस्थित मार्टमा मध्यराति अकस्मात् लागेको आगो आइतबार बिहानमात्र नियन्त्रणमा आएको छ ।

जनकपुरधाम उपमहानगरपालिकालगायत अन्य पालिकाको वारुणयन्त्र, प्रहरी, स्थानीयलगायतको सहयोगमा आगो नियन्त्रण लिइएको थियो ।

आगलागीबाट मार्टको सम्पूर्ण सामान जलेर नष्ट भएको सञ्चालक रामबाबु रायले जानकारी दिनुभयो । उहाँले आगलागीबाट रु १० करोडभन्दा बढीको क्षति पुगेको बताए ।


## पठन संस्कृति पुस्तक र पत्रपत्रिकाबाट इन्टरनेटमा सरेको छ : अध्यक्ष चौधरी

**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले सूचना र प्रविधीको नयाँ नयाँ प्रयोग संगै पुस्तक र पत्रपत्रिका किनेर पढने पाठकहरुको संख्या घटदै गएकोमा चिन्ता व्यक्त गरेका छन् ।

साहित्यक संस्था साझा प्रकाशनद्वारा जारि वृहत पुस्तक प्रर्दशनीको आईतवार अवलोकन गर्दै अध्यक्ष चौधरीले यस्तो चिन्ता व्यक्त गरेका हुन् ।

अहिले विभिन्न पुस्तक र पत्रपत्रिका मोबाईलमा पनि सजिलै प्राप्त हुने भएकोले ज्ञानवर्द्धक पुस्तक र पत्रपत्रिका किनेर पढ्ने पाठकहरुको संख्या घट्दै गएकोप्रति चिन्ताको विषय भएको उनले बताए ।



उनले वैकल्पिक सूचना र प्रविधीको बढदो प्रयोग संगै पूस्तक र पत्रपत्रिका जस्ता परम्परागत माध्यमका पाठक घट्नु समाज र राष्ट्रका लागी पनि चासोको विषय बन्नु पर्ने बताए । पठन संस्कृतिको विकास गर्ने उद्देश्यले संचालित पुस्तक प्रर्दशनी २२ असोज सम्म चल्ने आयोजक संस्था साझा प्रकाशनले जनाएको छ ।

**बालअधिकारप्रति संवेदनशील बनौं।**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।
- बालबालिकाका बाँच्ने पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सुर्तीजन्य पदार्थको प्रयोगकर्ता बढ्नु चिन्ताको विषय

सूर्तीजन्य पदार्थको प्रयोगकर्ताको उल्लेख्य संख्यामा बृद्धि भइरहेको छ । सूर्तीजन्य पदार्थ सेवनबाट विभिन्न खाले भयावह रोग लाग्ने र अन्तः मृत्युवरण गर्नुपर्ने बाध्यता रहे पनि यसको प्रयोगकर्ताहरुमा कमी भने आउन सकेको छैन । सूर्तीजन्य पदार्थको सेवनकर्ताको पहिलो रोजाईमा युवावर्ग रहेका छन् । त्यसबाहेक दोश्रोमा विद्यालयका कलिला छात्रहरु छन् । जुन चिन्ताको विषय पनि हो । युवा र बालबालिकालाई यस हानिकारक सूर्तीजन्य पदार्थको सेवनकर्ताको रुपमा बढीरहेकोमा यसप्रति सचेत हुनु आवश्यक छ ।

यसका लागि सरकारी तथा गैरसरकारी तवरबाट अनेकन प्रयासहरु नभएका होइनन् । तर, यसको प्रयोगमा कमी भने आउन सकेको छैन । कतिपय विज्ञहरुले सूर्तीजन्य पदार्थमा धेरै मात्रामा कर वृद्धि गरियो भने यसको सेवनमा कमी आउँछ । तर, समस्याको समाधान यसले मात्र गर्न भने सक्दैन । हाम्रो मुलुकमा सूर्तीजन्य पदार्थहरु सामान्यजनको पहुँचमा छ । जुनसुकै पसलहरुमा पनि सूर्तीजन्य पदार्थ सजिलै किन्न पाइन्छ । सरकारले कानून बनाए पनि हरेक उमेर समूहका व्यक्तिले सहज रुपमा सूर्तीजन्य पदार्थ किन्न सक्दछन् । जसले गर्दा यसको सेवनकर्ताको संख्या दिनानुदिन बढ्दै गएको छ । सूर्तीजन्य पदार्थ, चुरोट, विडी, खैनी, गुटखा आदि रुपहरुमा बजारमा प्रसस्तै पाइन्छ । अहिले सूर्तीजन्य पदार्थ सेवन नसर्ने रोग अन्तर्गत गम्भीर रोगका रुपमा बिकासित हुँदै गएको छ ।

नेपाल जस्तो गरीब मुलुकका जनताको कमाईको ठुलो हिस्सा सूर्तीजन्य पदार्थको खरीद र सेवनमा तथा यसका कारण गम्भीर प्रकृतिका रोग लागेपछि औषधि उपचारमा खर्च भइरहेको छ। तसर्थ तीनै तहका सरकारहरुले सूर्तीजन्य पदार्थमा अत्यधिक कर लगाएर यसको बिक्री वितरणको समेत मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ ।

# शान्ति तथा सद्भावका लागि संवाद

काठमाडौँ, २१ असोज (रासस) ।

शान्ति, सुरक्षा सबैको चासो र चिन्ताको विषय पनि हो । शान्ति बिना कुनै पनि विकास र सहज जीवनयापन सम्भव छैन । शान्ति नचाहने विरलै होलान् तर पनि कुनै न कुनै बहाना या स्वरूपमा समाजमा अशान्ति मच्चाउने प्रयास भइरहेकै हुन्छ । शान्ति, सुरक्षा कायम गर्ने प्रमुख दायित्व राज्यको नै हो । तथापि, उसको मात्र कर्तव्य भने कदापि होइन । सुरक्षा प्रदान गर्ने, सहज वातावरण बनाउने काम प्रत्यक्ष रूपमा राज्यका संयन्त्रसँग सम्बन्धित छ भने शान्ति, सद्भाव आमनागरिक र तिनको भावनासँग जोडिएको छ ।

नागरिकको जीउधनको सुरक्षा गर्ने काम राज्यको नै भएपनि नागरिक पनि चुप लागेर बस्न भने मिल्दैन । पछिल्लो चरण समाज अनेकन नाममा विवादित र विभाजित बन्न खोजिरहेको छ । केही दिनदेखि नेपालगञ्ज अशान्त छ । स्थानीय प्रशासनले शान्ति, सुरक्षा र सद्भाव कायम गर्ने प्रयास जारी राखेको छ । सद्भाव कायमका लागि प्रमुख राजनीतिक दलदेखि नागरिक समाज पनि अग्रसर छन् ।

नेपालगञ्जको पछिल्लो घटनाक्रम उल्लेख गरेर घाउ कोट्याउन खोजिएको होइन तर यस्ता घटना किन हुन्छन् ? यसबाट कसलाई के फाइदा हुन्छ ? हामीले विगतबाट के सिक्यौँ ? के सिक्न जरुरी छ ? भन्ने कुरा चाहिँ उल्लेख गर्न आवश्यक छ । सामाजिक सञ्जालमा सार्वजनिक गरिएको व्यक्तिगत विचार र प्रतिक्रियाबाट सुरु विवाद हिंसात्मक झडपमा परिणत भएको देखिन्छ । दुई समूहबीचको झडपपछि अशान्त बनेको नेपालगञ्ज अब बिस्तारै सामान्यीकरण हुँदैछ । असोज १६ गते ओमकार परिवार नेपालगञ्जको आह्वानमा प्रदर्शन गरियो । अर्को समूहबाट ढुङ्गा प्रहार भएपछि स्थिति झडपमा परिणत भएको बताइन्छ ।

त्यसअघि सोही दिन बिहान ८ बजे स्थानीय प्रशासनकै अगुवाइमा सद्भाव र्‍यालीसमेत प्रदर्शन गरिएको थियो । असोज ११ गते अर्थात मोहम्मद डेको दिन नैरनापुरका एक हिन्दू युवाले अर्को समुदाय (मुस्लिम) लक्षित 'स्टाटस' लेखे । यसको प्रतिक्रियास्वरुप नेपालगञ्जका एक वडाध्यक्षले हिन्दू लक्षित 'स्टाटस' लेखेपछि विवाद बढ्न पुगेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार तिनै वडाध्यक्षको नेतृत्वमा असोज १४ गते नेपालगञ्जमा प्रदर्शन भयो । प्रशासन घेराउ गर्दै उग्रता प्रकट गरिएपछि हिन्दूहरू थप आक्रोशित भए ।

फलस्वरुप हिन्दूवादीले १६ गते बन्द आह्वान गरे तर बन्द नगर्न आह्वानसहित प्रशासनले सर्वपक्षीय भेला डाकेर सद्भाव र्‍याली निकाल्ने निर्णय गर्‍यो । यो निर्णयलाई हिन्दूहरूले पूर्ण रूपमा स्वीकार्न सकेनन् । त्यही दिन ठूलो सङ्ख्याको उपस्थितिमा विरोध प्रदर्शन भयो । यसै क्रममा विपीचोक क्षेत्रमा एकापसमा झडप भयो । तोडफोड र धनमाल क्षति पनि भयो । थप तनाव बढने भएपछि प्रशासनले निशेषज्ञा लगायो । तर यी सबै घटनाक्रम किन भए ? कसको स्वार्थमा भए ? अझै वास्तविकता खुलेको छैन ।

कसैले स्टाटस लेखेकै भरमा सडक प्रदर्शन हुनु आफैँमा हाम्रो समाजको सोच र बौद्धिकताको मापन गर्छ । कहिलेकाहीँ नेपालगञ्ज स-साना कुरामा पनि उत्ताउलो र अराजक भइदिन्छ भन्ने कुराको यो गतिलो उदाहरण पनि हो । भारतसँग जोडिएको बहुधर्म/बहुभाषी बसोबास नेपालगञ्ज संवेदनशील सहर हो । नेपालगञ्जमा विभिन्न धर्मावलम्बीहरू बस्ने गर्दछन् । यहाँ हिन्दू, मुस्लिम, क्रिश्चियन, बौद्ध, सिख धर्म मान्ने व्यक्तिहरू छन् । बेलाबेला यहाँ जाति, समुदाय, धर्मका नाममा उच्छशृङ्खल, अराजक र साम्प्रदायिक सदभाव भड्काउने गतिविधि हुने गर्दछन् । नेपालगञ्जमा २०५३ र २०६३ सालमा पनि यस्तै अशान्ति भयो । यसपटक पनि हिंसात्मक बनाउन खोजिएको थियो । हिंसाले जात, धर्म हेर्दैन । उसले पुर्‍याउने भनेको क्षति, दुःख कष्ट नै हो भन्ने कुरा नेपालगञ्जवासीले नबझेका हैनन् । तर पनि घटना पुनरावृत्ति हुनु दुःखदसँगै चिन्तनीय छ । तत्कालका लागि शान्तिसुरक्षाको स्थिति सुदृढ नै देखिए पनि एकखालको त्रास भने यथावत् नै छ ।

**संवादको पहल**

शान्तिसुरक्षा कायम गर्ने मुख्य जिम्मेवारी प्रहरी प्रशासनको नै हो । प्रमुख जिल्ला अधिकारीलगायत सुरक्षा प्रमुखको सम्भावित द्वन्द्वप्रतिको सचेतता, तयारी र सुझबुझपूर्ण निर्णय र कार्यनीतिले नै यस्ता खाले विवाद, झडप र हिंसात्मक गतिविधि नियन्त्रण हुने हुन् । र्‍याली प्रदर्शनलाई प्रहरी/प्रशासनले सुरुमा सामान्य रूपमा बुझ्नुबाहेक थप हिंसा र क्षति हुनबाट भने जोगाएकै हो । शान्तिसुरक्षाका लागि आफनो सुरक्षा रणनीति र बलबुताले मात्र हैन, स्थानीय प्रशासनले नागरिक समाज र विभिन्न सङ्घसंस्थाबाट पनि सल्लाह, सहयोग लिन आवश्यक छ । सुरक्षा बढाएर, निषेधाज्ञा लगाएरमात्र शान्तिसुरक्षा र सद्भाव कायम हुन्छ भन्ने पक्षमा सुरक्षा अधिकारी पनि छैनन् । पछिल्लो चरण स्थानीय प्रशासनले शान्ति, सद्भावका लागि समाजका विशिष्ट व्यक्तित्वसँग संवाद, परामर्श र सहकार्यलाई बढाएको छ ।

नजिकिँदो चाडपर्वलाई मध्यनजर गरेर पनि संवाद थालनी गरिँदैछ । अधिकारकर्मी, उद्योगी व्यवसायी अगुवा, नागरिक समाजका अगुवा र बुद्धिजीवीसँगको नियमित छलफलले शान्ति, सद्भावका पक्षमा माहोल सिर्जना गरेको छ । विभिन्न धर्मगुरुसँग सल्लाह, सुझाव र साथ लिँदै आइएको छ । आन्दोलनको अगुवाइ गर्ने व्यक्ति र सङ्घ सङ्गठनसँग पनि संवाद गरेरै सहज वातावरण बनाइनु पर्छ भन्ने बुझाइ छ । समाजमा संवादको वातावरण बनाउनु, सर्व धर्म सम भाव पैदा गर्नु, आध्यात्मिक चिन्तन अभिवृद्धि गर्नु, सामाजिक सद्भाव कायम गर्नु र शान्तिमय वातावरण बनाउनु नै अहिलेको प्रमुख आवश्यकता हो ।

**अझै बढ्दो जिम्मेवारी**

कसैको एकल पहलले मात्र शान्ति, सद्भाव सम्भव छैन । हामी स्वयं आफ्ना लागिमात्र नभई समाजको सुरक्षा र विकासका लागि क्रियाशिल र जिम्मेवार बन्नु पर्दछ । समाजमा हुने हरेक घटनाको प्रथम प्रत्यक्षदर्शी र भुक्तभोगी नागरिक नै हो । तसर्थ नागरिकको भूमिका पनि कम आँक्न हुँदैन । त्यसमाथि नागरिक अगुवाको भूमिका त झनै हुने गर्दछ । शान्तिसुरक्षाका लागि प्रहरीलाई जनताको सधैँ साथ र सहयोग चाहिन्छ । प्रहरीलाई जनताले सही समयमा सही सूचना दिनसके आधा घटना (हिंसा) कम हुने प्रहरीको विश्वास छ । प्रहरीले पनि जनतासँग सुमधुर सम्बन्ध राख्ने, सूचना आदानप्रदान गर्ने, जनतासँग समन्वय र सहकार्य गर्ने संस्कार बसाल्न जरुरी छ ।

हालैका दुवै प्रदर्शनमा किशोरहरूको उल्लेख्य सहभागिता देखिनुलाई हामीले संवेदनशील रूपमा बुझ्नुपर्ने हुन्छ । उनीहरू साँच्चिकै विषयवस्तु बुझेर लागेका हुन् या कसैको बहकाउमा लागेर आएका हुन् ? यसले के प्रस्टयाउँछ भने अब युवा/विद्यार्थीलाई लक्षित गरेर धार्मिक, आध्यात्मिक र सद्भाव शिक्षा दिन जरुरी छ । विद्यार्थीका सङ्घ सङ्गठन, युवा क्लब, युवाका विभिन्न सङ्घ सङ्गठनमा आबद्धहरूलाई सद्भाव शिक्षा र संवाद संस्कृतिबारे शिक्षा दिइनुपर्ने देखिन्छ । नेपालगञ्जमा विभिन्न धर्मावलम्बीका मानिस बस्ने गर्दछन् । उनीहरू हिन्दू, मुस्लिम, क्रिश्चियन, बौद्ध, सिख धर्मका अनुयायीहरू हुन् । यहाँ विभिन्न धर्मका धर्मगुरुहरू पनि छन् । तथापि उहाँहरूको भूमिका धर्मको दायरामा मात्र सीमित छैन । धर्मगुरुले शान्ति, सुरक्षा, सद्भाव कायममा अनेकन भूमिका र जिम्मेवारी निर्वाह गर्दै आएका छन् । धर्मगुरुहरू अन्तरधार्मिक तथा सामाजिक सद्भाव मञ्चमार्फत पनि शान्ति, सद्भाव कायममा क्रियाशील छन् ।

प्रत्येक धर्मको मूल धर्म मानव धर्म नै हो । तथापि कतिपय क्षेत्रमा धर्मकै नाममा युद्ध पनि हुने गर्दछन् । धर्म र समुदायका नाममा हुने र हुन सक्ने उच्छशृङ्खल, अराजक र साम्प्रदायिक सद्भाव भड्काउविरुद्ध धर्मगुरु एकजुट हुनु यस क्षेत्रका लागि सुखद पक्ष हो । शान्ति, सद्भाव अभिवृद्धिमा उनीहरूको भूमिका प्रशंसनीय छ । प्रत्येक धर्मको मूल धर्म मानव धर्म नै हो । हरेक धर्म, वर्ग र समुदायबीचमा आपसी मेलमिलाप, सद्भाव, एकता र प्रेम प्रस्फुटन गराउनुपर्ने आवश्यकता पनि छ । समाजमा अनेक खाले भ्रम र अफवाह पनि फैलाइने गरिन्छ । धार्मिक विवाद र द्वन्द्वका बेला सञ्चारकर्मी र सञ्चारमाध्यम झन सम्बेदनशील र जिम्मेवार बन्नुपर्छ । विगतको पाठ सिक्दै नेपालगञ्जवासी फेरि पनि शान्ति, सद्भाव र भाइचाराको वातावरण बनाउन सदैव जुटिरहेका छन्, जुटिरहने छन् । अन्तमा 'त्यही मानिस धार्मिक हो, जसले अर्का लागि त्याग गर्न सक्छ', भगवान गौतम बुद्धले भने झैं त्यही असल काम हो जसले धेरैलाई शान्ति र फाइदा हुन्छ ।

*(लेखक नेपालगञ्जमा क्रियाशील पत्रकार हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# इजरायलमा रहेका नेपालीको तत्काल उद्धार गर्न सांसदको माग

काठमाडौं, २१ असोज (रासस)।

सांसदहरूले इजरायलमा रहेका नेपालीको तत्काल उद्धारका लागि पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ। प्रतिनिधिसभाको आइतबारको बैठक सुरु भएलगत्तै परराष्ट्रमन्त्री एनपी साउदले हमास समूहले इजराइलमा आक्रमण गर्दा तीन जना नेपाली घाइते भएको र १२ जनाको अवस्था अज्ञात रहेकोबारे संसद्लाई जानकारी गराउनुभएको थियो।

शून्य समय र विशेष समयमा बोल्नुहुने अधिकांश सांसदले इजरायलमा रहेका नेपालीको अवस्था बुझ्न र तत्काल उद्धारका काम थाल्न सरकारको ध्यानाकर्षण गराउनु भएको हो।

संसद्को विशेष समयमा सांसद पदम गिरीले इजरायलमा रहेका नेपाली नागरिकको जीवन रक्षा र उद्धारमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो। संविधान दिवसका अवसरमा सरकारको सिफारिसमा राष्ट्रपतिले केही कैदीबन्दीको सजाय मिनाहा गरेको विषयमा पनि उहाँले असन्तुष्टि जनाउनुभयो। दसैं तिहारको समयमा उपभोक्ता बजारमा अनकौं समस्या देखिएको उल्लेख गर्नुहुँदै उहाँले यस्ता समस्या समाधानका लागि सरकारले यसमा जिम्मेवारपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो।

सांसद श्यामकुमार घिमिरे नेपालको अर्थतन्त्र सुधारका लागि थालिएका सुधारका प्रयासको नतिजा देखिन नसकेको बताउनुभयो। नेपालमा न्यून पुँजीगत खर्च, जग्गा खण्डीकरण तथा हदबन्दी, घट्दो आन्तरिक उत्पादनलगायतका कारण समस्या देखिएको उहाँको भनाइ छ। निजी क्षेत्र र सरकारी क्षेत्रबीच दूरी बढ्दै गएको देखिएको धारणा उहाँले संसद्मा राख्नुभयो।

संसद्मा दर्ता भएका विधेयकले पनि निजी क्षेत्रको अधिकारलाई खुम्च्याउन खोजेको जस्तो देखिएको धारणा घिमिरेले संसद्मा राख्नुभयो। सरकारी संस्थानले नै एकाधिकार कायम गरेको विषय पनि उहाँले उठाउनुभयो।

पछिल्लो समय धार्मिक तथा साम्प्रदायिक सद्भाव खल्बलिने गरी विभिन्न घटना देखिएको भन्दै सांसद हितबहादुर तामाङले यस्ता घटना थप घट्न नदिन सबै राजनीतिक दलले आ-आफ्नो क्षेत्रबाट लाग्नुपर्ने र सरकारले शान्ति सुव्यवस्था कायम गर्नका लागि पहल गर्नुपर्ने बताउनुभयो। शान्ति प्रक्रियाको काम चाँडो टुङ्ग्याउनुपर्ने पनि उहाँको भनाइ छ।

सांसद डा स्वर्णिम वाग्लेले तनहुँमा डेङ्गी रोगको सङ्क्रमण बढिरहेको विषय संसद्मा उठाउनुभयो। रोग नियन्त्रणका लागि जिल्लाका स्वास्थ्य संस्थामा स्वास्थ्य सामग्री पर्याप्त नरहेको उहाँको भनाइ छ। हाल मिर्गौलाको डायलासिस गरिएका एक तिहाई व्यक्ति वैदेशिक रोजगारीबाट फर्किएका र ४० वर्षभन्दा कम उमेर समूहका रहेको एक अध्ययनबाट देखिएको उल्लेख गर्नुहुँदै वाग्लेले यस विषयमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो। अर्थतन्त्र सुधारका लागि चालु आर्थिक वर्षको बजेटमार्फत् केही राम्रा प्रयासको थालनी भए पनि त्यसको कार्यान्वयनमा पनि सरकार चुकिरहेको धारणा वाग्लेले राख्नुभयो। चालु आर्थिक वर्षको बजेटमा दफा २९ देखि ५२ सम्मका बुँदा कार्यान्वयन के कसरी भइरहेका छन् भनेर उहाँले सरकारलाई प्रश्न गर्नुभयो।

चालु आर्थिक वर्षका लागि सरकारले आर्थिक वृद्धिदरको लक्ष्य पूरा हुन नसक्ने अवस्था देखिएको उहाँको दाबी थियो। शोधनान्तर अवस्थामा केही सुधार देखिए पनि बजेट कार्यान्वयनमा सरकार गम्भीर हुन नसकेको र सरकारका तर्फबाट हुनुपर्ने कुनैपनि कामको नतिजा नदेखिएको उहाँले बताउनुभयो। मौद्रिक नीतिले केही खुकुलो व्यवस्था ल्याएकोमा भने सांसद वाग्लेले त्यसलाई सकारात्मक प्रतिक्रिया दिनुभयो। अर्थतन्त्रमा सुधार हुन नसक्नुमा केन्द्रीय बैंकलाई मात्रै जिम्मेवार ठान्न नहुने उहाँको धारणा छ।

सांसद धवल शमशेर जबराले सामाजिक सञ्जाल नियमनका लागि कानुनी र कार्यान्वयन संयन्त्र तयार पारिनुपर्ने बताउनुभयो। निजी क्षेत्रबाट चलिरहेका शिक्षण संस्थालाई निरुत्साहित गर्नेगरी शिक्षा विधेयकले गरेको व्यवस्था हटाउनुपर्ने उहाँको भनाइ छ।

सांसद प्रदीप यादवले गत मङ्गलवार बझाङ केन्द्रबिन्दु भएर गएको भूकम्पबाट पीडितलाई अझै राहत पुग्न नसकेको भन्दै सरकारको ध्यानाकर्षण गर्नुभयो। त्यस्तै, प्रदेश संयन्त्र खारेज गरिनुपर्ने भनेर आवाज उठिरहेकोमा सङ्घीयता मजबुद बनाउनका लागि प्रदेश सरकारसँग सम्बन्धित ऐन नियम बनाउन आश्यक रहेको बताउनुभयो।

आइतबारको बैठकको विशेष समयमा सांसद राजेन्द्रप्रसाद पाण्डेले सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई मजबुद बनाउनका लागि सङ्घीय ऐनहरू तथा प्रदेशसँग जोडिएका कानुन निर्माणमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। त्यस्तै, मुलुकको आर्थिक अवस्था खस्किँदै गएकोप्रति पनि उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद लालवीर चौधरीले पछिल्लो समयमा देखिएका धार्मिक र साम्प्रदायिक सद्भाव खल्बलिने गरी घटना घट्नुमा राजनीतिक दल पनि जिम्मेवार रहेका बताउनुभयो। दसैं, तिहारको समयमा यस्ता घटना घट्न नदिन शान्ति सु-व्यवस्थालाई थप मजबुद बनाउन सरकारलाई आग्रह गर्नुभयो।

# सहमतिका आधारमा विद्यालय शिक्षा विधेयक पारित गर्न शिक्षामन्त्री राईको आग्रह

काठमाडौँ, २१ असोज (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले सरोकारवालासँग भएका सहमति र मागलाई ध्यानमा राखेर विद्यालय शिक्षा विधेयक, २०८० पारित गराउन आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विधेयकमाथिका सामान्य छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै मन्त्री राईले सदनमा विधेयक दर्ता भइसकेपछि नेपाल शिक्षक महासङ्घलगायत पक्षहरूले गरेका आन्दोलनपछि भएका सहमतिबारे जानकारी गराउनुभयो।

सो विधेयकमाथि शुक्रबारको बैठकमा सैद्धान्तिक छलफलमा भएको थियो। विधेयक सदनमा प्रस्तुत भइसकेको अवस्थामा फिर्ता लिएर पुनः ल्याउनुभन्दा भएका सहमतिलाई सार्वभौम सदनले विचार गर्ने अपेक्षाका साथ महासङ्घसँग सहमति गरिएको जनाउँदै विधेयकमा भएका व्यवस्था संविधानसम्मत भएको बताउनुभयो।

उहाँले विधेयकमा निजी विद्यालयले चाहेमा गुठीमा जान सक्ने र नयाँ निजी विद्यालय खोल्दा गुठीमा जानुपर्ने प्रबन्ध गरिएको बताउनुभयो।

*बाँकी अन्तिम पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको विवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**


## विश्व समाचार

### इजरायल-गाजा आक्रमणमा सयौंको मृत्यु

जेरूसेलम, २१ असोज (रासस/एएफपी)।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले प्यालेस्टिनी लडाकू समूह हमासले एक्कासी इजरायलमाथि गरेको आक्रमणमा दुवै पक्षका सयौं व्यक्तिको मृत्यु भएपछि 'लामो र कठिन' युद्ध हुने चेतावनी दिनुभएको छ।

दशकौं यताको सबैभन्दा रक्तपातपूर्ण द्वन्द्वमा हमासले शनिबार व्यापक स्थल, हवाइ र समुद्री आक्रमण गरेको थियो। इजरायली सेनाका अनुसार हमासको आक्रमणमा २०० भन्दा बढी इजरायलीको मृत्यु भएको र एक हजारभन्दा बढी घाइते भएको बताएको थियो। हमासले सैनिक र सर्वसाधारणलाई बन्धक बनाएको पनि इजरायली सेनाले बताएको छ।

यसैबीच, गाजाका अधिकारीहरूले तटीय इलाकामा इजरायलले गरेको प्रत्याक्रमणका कारण कम्तीमा २५६ प्यालेस्टिनीको मृत्यु भएको र करिब एक हजार ७८८ जना घाइते भएको बताएका छन्।

लेबनानको शक्तिशाली इरान समर्थित 'हिजबुल्लाह मुभमेन्ट'ले हमासले इजरायलविरूद्ध गरेको कारबाहीप्रति 'ऐक्यबद्धता जनाउन' विवादित सीमा क्षेत्रमा इजरायली चौकीमा 'ठूलो सङ्ख्यामा तोपका गोला र निर्देशित क्षेप्यास्त्र' प्रहार गरेको जनाएको छ।

इजरायली सेनाले यसअघि दक्षिणी लेबनानमा आक्रमणकारीको पहिचान नै नगरी गोली चलाएको बताएको थियो।

नेतन्याहूले उक्स (ट्वीटर) मा लेख्नुभएको छ, "हामी लामो र कठिन युद्धमा लागेका छौं। हमासको अन्धाधुन्ध आक्रमणका कारण हामीमाथि युद्धको भार थोपरिएको छ।"

"पहिलो चरण यस समयमा हाम्रो भूमिमा घुसपैठ गर्ने अधिकांश शत्रु सेनाको विनाशद्वारा समाप्त हुँदैछ," उहाँले लेख्नुभएको छ।

रातभर इजरायलले गाजा पट्टीमा हवाई आक्रमण गरेको थियो भने प्यालेस्टाइनी भूमिबाट इजरायली क्षेत्रमा रकेट प्रहार भएको थियो।

गाजाको सीमापारिको स्डेरोट प्रहरी चौकीलगायत विभिन्न स्थानमा इजरायली सेना र हमासका सयौं लडाकूबीच आइतबार बिहान पनि गोली हानाहान भइरहेको छ।

प्रहरी र इजरायली सेनाको विशेष फौजले स्टेशनभित्र लुकेर बसेका १० जना सशस्त्र आतङ्ककारीलाई निष्प्रभावी पारेको प्रहरीले जनाएको छ।

सन् १९७३ को अरब-इजरायल युद्ध सुरु भएको आधा शताब्दीपछि हमासले शनिबार गरेको रक्तपातपूर्ण हवाई, समुद्र र स्थलआक्रमणले इजरायल र विश्वलाई चकित एवं दुःखी तुल्याएको छ।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को आपतकालीन बैठक आइतबारका लागि बोलाइहँदा राष्ट्रपति जो बाइडेनले अमेरिकी सहयोगी (इजरायल)लाई 'चट्टानी र अटूट' समर्थन व्यक्त गर्दै 'यस परिस्थितिमा फाइदा लिन इजरायलविरोधी अन्य कुनै पनि पक्षविरुद्ध' चेतावनी दिनुभएको छ।

इजरायली सेनाले रातभर आफ्नो सेना अझै पनि इजरायलका विभिन्न स्थानहरूमा गोली हानाहानमा संलग्न रहेको बताएको छ, 'फलामको तरवारहरू' नाम दिइएको एक प्रतिरोधात्मक आक्रमणमा सेनाको सञ्चित बललाई बोलाइएको थियो।

हमासले यसअघि केही इजरायलीलाई बन्धक बनाइएको तस्विर सार्वजनिक गरेको थियो भने सेनाका अर्का प्रवक्ता डेनियल हागारीले सैनिक र सर्वसाधारणको अपहरण भएको पुष्टि गर्नुभएको थियो।

गाजाको पूर्वमा पर्ने बेरी र ओफाकिमका नेगेभ मरुभूमिसमुदायमा पनि 'गम्भीर बन्धकको अवस्था' रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "म अहिले नै उनीहरूका बारेमा तथ्याङ्क दिन सक्दिनँ।"

यनेट इजरायली समाचार वेबसाइटका अनुसार 'धेरै महिला, बालबालिका र वृद्धहरूसहित दर्जनौं इजरायली बन्दीहरूलाई गाजा पट्टीमा लगिएको विश्वास गरिएको छ'।

नेतन्याहूका अनुसार युद्धका कारण इजरायलले गाजाको बिजुली, इन्धन र सामानको आपूर्ति बन्द गरेको छ।

इस्लामिक समूहले स्थानीय समयअनुसार शनिबार बिहान ६:३० बजे तेल अभिभ र जेरुसेलमसम्म हजारौं रकेट प्रहार गर्दै फलामको गुम्बज प्रतिरक्षा प्रणालीलाई छिचोल्दै इजरायली भवनहरूमा आक्रमण गरेको थियो।

### अफगानिस्थानमा भूकम्पमा परी 'दुई हजारभन्दा बढी' को मृत्यु

हेरात, अफगानिस्थान, २१ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्थानको हेरात प्रान्तमा शनिबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या दुई हजारभन्दा बढी पुगेको प्रान्तीय प्रशासनले जनाएको छ। भूकम्पमा परी घाइते हुनेको सङ्ख्या नौ हजार पुगेको प्रहरीले जनाएको छ।

अफगानिस्थानको पश्चिमी भूभागमा शनिबार बिहान ६.३ म्यानिच्युडको भूकम्प गएको सयुक्त राज्य भूगर्भ सर्भेक्षण केन्द्रले जनाएको छ। सर्वेक्षणका अनुसार हेरात शहरबाट ४० किलोमिटर उत्तर पश्चिममा केन्द्र बनाएर गएको भूकम्पपछि ५.५,४.७ र ६.२ म्यानिच्युडका तीनवटा ठूला पराकम्पन गएका थिए।

# मैथिली विकिमिडियन्सद्वारा एडभान्स विकिपिडिया कार्यशाला सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २१ असोज ।**

मैथिली विकिमिडियन्सले एडभान्स विकिपिडिया कार्यशाला सम्पन्न गरेको छ। राजविराज नगरपालिका वडा नं. ७ स्थित चाय चर्चामा सो कार्यशाला सम्पन्न गरेको हो ।

विगत तीन महिनादेखि मैथिली विकिमिडियन्सले राजविराजको विभिन्न शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूलाई विकिपिडिया र विकिमिडिया परियोजनाको बारेमा आधारभूत प्रशिक्षण दिँदै आएको छ ।

विकिमिडिया परियोजना र अभियान बारे थप जानकारी दिनका लागि मैथिली विकिमिडियन्सको आयोजनामा कार्यशालामा ७० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । उक्त कार्यशालामा भारतबाट आएका कमन्स फोटोग्राफर युजर ग्रुपका उपाध्यक्ष सुयश द्विवेदी, इभेन्ट कोर्डिनेटर श्रेया द्विवेदी र विकिपिडिया कमन्सका सम्पादक सुकीर्ती द्विवेदीले सहजीकरण गरेका थिए ।

मैथिली भाषा, संस्कृति र परम्परालाई वैश्विक रूपमा अनलाइनको माध्यमद्वारा संरक्षण र प्रवर्द्धन गर्नको लागि विगत ५ वर्षदेखि मैथिली विकिमिडियन्सले निरन्तर रूपमा काम गर्दै आएको छ ।

नेपालमा पहिलो पटक आयोजना गरिएको इन्टर-विकी अफिलिएट मिटअप कार्यक्रमको मुख्य उद्देश्य भविष्यमा राजविराजमा सार्क विकिमिडिया सम्मेलनको आयोजनाको सम्भावनामाथि चर्चा रहेको थियो ।


सोही कार्यक्रमको आयोजनाको सम्भावनामाथि चर्चा गर्नको लागि संस्थाद्वारा गाला डिनरको आयोजना गरिएको थियो । सो डिनरमा राजविराज नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परविन, वडा नं. ७ का अध्यक्ष शुभाषचन्द्र यादव, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, सप्तरी पत्रकार महासंघको सभापति श्रवण देव, विष्णुपुर गाउँपालिका वडा नं. ५ का अध्यक्ष जिवछ मण्डललगायत विभिन्न संघ संस्थाका पदाधिकारीको उपस्थितिमा राजविराज नगरमै कार्यक्रमको आयोजना गर्नुपर्ने र यथासम्भव सहयोग गर्ने प्रतिवद्धता गरेका थिए ।

मैथिली विकिमिडियन्सले कमन्स फोटोग्राफर युजर ग्रुपसँगको सहकार्यमा तीन दिनको लागि सप्तरी दर्शन फोटोवाक, विकिमिडिया अभियानसँग सम्बन्धित विभिन्न विषय (शासन प्रणाली, साझेदारी, विकिमिडिया अभियानको भविष्य र सार्क विकिमिडिया सम्मेलनको आयोजना) माथि दुवै आवद्ध समूहबीच दोहोरो छलफल हुने मैथिली विकिमिडियन्सका अध्यक्ष पंकज देवले जानकारी दिए ।

## *सहमतिका आधारमा ...*

उहाँले माध्यमिक तहको विद्यालय सञ्चालनको जिम्मेवारी स्थानीय तहलाई दिँदा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारका संवैधानिक अनुसूचीलाई पनि ख्याल गरिएको बताउनुभयो । अर्थतन्त्रले धान्ने र संविधानले मान्ने खालका उपयुक्त र जायज कुराप्रति सरकार सदैव सकारात्मक रहेको र सांसद्‌हरूबाट संशोधनका क्रममा त्यसअनुसार सम्बोधन हुने अपेक्षा रहेको बताउनुभयो ।

उहाँले पारित हुने विधेयकका आधारमा गुणस्तरीय शिक्षाका लागि परिवर्तित पाठ्यक्रम लागू गर्न आवश्यक रहेको औंल्याउँदै समसामयिक विश्वको मानव ज्ञानको उचाइलाई नेपालका पाठ्यक्रममा प्रकट हुनुपर्ने जनाउनुभयो । मन्त्री राईले राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगलाई स्वायत्त बनाउन विधेयकले व्यवस्था गरेको उल्लेख गर्दै प्रदेशको मातहत रहने गरी जिल्लास्थित शिक्षा कार्यालय कायम गर्दा संविधानविपरीत नहुने जिकिर गर्नुभयो । उक्त कार्यालय पुरानो जिल्ला शिक्षा कार्यालय नभएको स्पष्ट गर्दै उहाँले माध्यमिक शिक्षा परीक्षा (एसईई) बारे थप छलफल गर्न सकिने धारणा राख्नुभयो ।



नेपाल सरकार
कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
**सप्तरी**

चलानी नं. २२
पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति:

मिति: २०८०।६।१२

**विषय : ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

........ दर्ता रहेको साविक ........ मौजा रैन........ हाल तपसिल बमोजिम नापी भएको जग्गा........ गरी प्रमाण पुर्जा पाउँ भन्ने गा.वि.स./न.पा. ........ वार्ड नं. ........ बस्ने श्री ........ द. नं. ........ मिति ........ मा निवेदन परी ........ सार्वजनिक सुचना प्रकाशित गर्न मिति ........ मा आदेश भए अनुरुप यो ........ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकासित भएको मितिले ........ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरो गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम ........ गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | |

नोट : [illegible]

# एमालेको मधेस प्रदेश अधिवेशनको तयारी तीव्र

धनुषा, २१ असोज (रासस) ।

नेकपा एमालेको मधेस-प्रदेश अधिवेशनको तयारी तीव्र पारिएको छ । नेतृत्वका लागि नेताहरू तयारी गरिरहेका छन् । यही असोज २४ र २५ गते जनकपुरधाममा हुने पहिलो अधिवेशनबाट मधेस प्रदेशको नेतृत्व लिन पाँच जना नेता आकाङ्क्षी देखिएका छन् ।

आठ जिल्ला रहेको यस प्रदेशमा अधिवेशनका लागि प्रतिनिधि छनोट सम्पन्न भइसकेको छ। मधेसका एक सय ३६ पालिका, २३ जनसङ्गठन, आठ प्रदेश विभागबाट एक हजार २७ प्रतिनिधि छनोट गरिएको एमालेका मधेस प्रदेश प्रचार विभाग प्रमुख सोमप्रसाद शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाबाट तीन देखि २३ जनासम्म, जनसङ्गठनबाट ७९ र विभागबाट १६ जना छनोट गरिएको छ ।

प्रदेशको नेतृत्वका लागि रेवती पन्त, राजकिशोर यादव, विचारी यादव, पुरुषोत्तम पौडेल र सुमन प्याकुरेलले प्रचारप्रसार गरिरहेका छन् । एमाले सचिव एवं प्रदेश इञ्चार्ज योगेश भट्टराईले मधेसको नेतृत्वका लागि आकाङ्क्षी नेतामध्येबाट सर्वसम्मत नेतृत्व चयन गराउने प्रयास गरिरहनुभएको प्रचार विभाग प्रमुख शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार कोशी प्रदेशका इञ्चार्ज रघुवीर महासेठले पनि मधेसमा सहमतिमै नेतृत्व चयन हुनुपर्ने बताउनुभएको छ । दुई नेता सर्वसम्मत गराउने प्रयासमा लागिरहे पनि आकाङ्क्षी नेता दुई धारमा बाँडिएकाले निर्वाचन हुने सम्भावना पनि रहेको शर्माको भनाइ थियो । उहाँका अनुसार अधिवेशनको नारा 'सामाजिक न्याय र सुशासन हाम्रो कार्यभार, मधेशको स्वाभिमान र समृद्धिका लागि एमालेको सरकार' भन्ने रहेको छ ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८११८७**



## विभिन्न विपद्‌को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*